# भाग २

## श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यबस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

२०५८ सालको ऐन नं. ४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## स्वास्थ्य सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन

प्रस्तावना : स्वास्थ्य सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "स्वास्थ्य सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०५८" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा संशोधन : नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को,-

(१) दफा ३७ को उपदफा (३) मा रहेका "निजको शुरु स्केलको एक दिनको तलब बराबरको तलब वृद्धि पाउनेछ" भन्ने शब्दहरुको सट्टा "तोकिए बमोजिमको रकम तलब वृद्धि पाउनेछ । तर यसरी तलब वृद्धि तोकिंदा सम्बन्धित कर्मचारीले खाईपाई आएको रकममा नघट्ने गरी तलब वृद्धि संख्या मिलान गरिनेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ४६ मा रहेका "बीस वर्ष सेवा अवधि पूरा गरिसकेका कर्मचारीले" भन्ने शब्दहरुको सट्टा "निवृत्तिभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा भएका कर्मचारीले" भन्ने शब्दहरु राखिएका छन् ।

३. नेपाल मेडिकल काउन्सिल ऐन, २०२० मा संशोधन : नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को,-

(१) दफा ४ को सट्टा देहायको दफा ४ राखिएकोछ :-

"४. काउन्सिलको गठन : दफा ३ बमोजिम स्थापना भएको काउन्सिलमा देहायका सदस्य रहने छन् :-

(क) दर्तावाला चिकित्सकको रुपमा कम्तीमा बीस वर्षको अनुभव हासिल गरेको र चिकित्सा सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त चिकित्सकमध्ये श्री ५ को सरकारबाट मनोनीत - अध्यक्ष


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) दर्तावाला चिकित्सकहरुले कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका दर्तावाला चिकित्सकमध्येबाट तोकिए बमोजिम निर्वाचन गरी पठाएको चिकित्सक एकजना - उपाध्यक्ष

(ग) अध्यक्ष, नेपाल चिकित्सक संघ - सदस्य

(घ) आधुनिक चिकित्साशास्त्र सम्बन्धी विषयमा अध्ययन हुने विश्वविद्यालय वा स्वास्थ्य विज्ञान प्रतिष्ठानका डीन वा शिक्षाध्यक्षमध्ये श्री ५ को सरकारबाट मनोनीत एकजना - सदस्य

(ङ) उपभोक्ताहरुमध्ये श्री ५ को सरकारबाट मनोनीत एकजना - सदस्य

(च) दर्तावाला चिकित्सकमध्ये तोकिए बमोजिम निर्वाचित चिकित्सक आठजना - सदस्य

(छ) अध्यक्ष, नेपाल दन्त चिकित्सक संघ - सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) दन्त चिकित्सक बाहेक चिकित्सा सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त चिकित्सकमध्ये श्री ५ को सरकारबाट मनोनीत तीनजना – सदस्य

(झ) कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त दन्त चिकित्सकमध्ये श्री ५ को सरकारबाट मनोनीत दुईजना – सदस्य"

(२) दफा ६ को खण्ड (घ) मा रहेका "एम.बी.बी.एस. वा सो सरह" भन्ने शब्दहरुपछि "वा बी.डी.एस. वा सो सरह" भन्ने शब्दहरु थपी सोही खण्डको प्रतिबन्धात्मक वाक्यांशमा रहेका "खण्ड (ख), (च) र (छ)" भन्ने शब्दहरुको सट्टा "खण्ड (च)" भन्ने शब्दहरु राखिएका छन् ।

४. <u>स्वास्थ्य सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०५७ निष्क्रिय भएपछि त्यसको परिणाम</u> : स्वास्थ्य सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०५७ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,-

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

५. बचाउ : मिति २०५७ साल कार्तिक ९ गते जारी भएको स्वास्थ्य सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०५७ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मिति: २०५८।५।६।४

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

826